# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. नेपालद्धारा बुटवल उद्योग बाणिज्य संघको ६२ औं वार्षिक साधारण सभाको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले बुटवल उद्योग वाणिज्य संघको ६२औं वार्षिक साधारण सभाको असोज ११ गते रुपन्देहीको बुटवलमा उद्घाटन गर्नु भयो । सो क्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले आर्थिक उदारीकरणपछि नेपालमा निजी क्षेत्रको तिव्र विस्तार भइरहेको प्रसंग उल्लेख गर्दै ठूलो राशीको पुँजी तथा काम गर्ने सीप र दक्षता समेत निजी क्षेत्रसँग हुने भएकाले आर्थिक वृद्धिका लागि सरकार र निजी क्षेत्रको सहकार्य महत्वपूर्ण हुने बताउनु भयो ।

गभर्नर डा. नेपालले मुलुकको आर्थिक विकासको लागि सरकार र निजी क्षेत्र दुवै मिलेर पूर्वाधार, औद्योगिक तथा कृषि क्षेत्रमा लगानी बढाई आन्तरिक उत्पादनमा वृद्धि गर्न सकेमा मुलुकको परनिर्भरतालाई कम गर्दै लैजान सहयोग पुग्ने विचार व्यक्त गर्दै देशमा नयाँ संविधान जारी भइसकेको सन्दर्भमा व्यवहारिक नीति बनाएर निजी क्षेत्रको लगानी बढाउन सकिएमा आगामी दिनमा मुलुकको अर्थतन्त्रले गति लिई उत्पादन तथा रोजगारी बढ्ने र मुलुक समृद्धिको दिशातर्फ अगाडि बढ्ने विचार व्यक्त गर्नुभयो । शोधनान्तर स्थिति, मुद्रास्फीति तथा विदेशी विनिमय संचिति लगायत अर्थतन्त्रका सबै आर्थिक परिसूचकहरु सकरात्मक रहेतापनि आयात उच्च रुपमा बढ्दै गईरहेको कारण व्यापार घाटा उच्च दरले बढ्दै गएकोमा चिन्ता व्यक्त गर्दै गभर्नर डा. नेपालले आयात र निर्यात बीचको खाडललाई कम गर्न उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । सोही क्रममा उहाँले रेमिट्यान्सबाट प्राप्त रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने र स्वदेशमा नै पर्याप्त रोजगारीका अवसरहरुको सृजना गरी युवा शक्तिको ऊर्जालाई मुलुकको आर्थिक विकासमा उपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

गभर्नर डा. नेपालले दीर्घकालीन विकासका लागि आवश्यक स्रोत परिचालन, वित्तीय क्षेत्रको सुदृढीकरण तथा वित्तीय स्थायित्व प्रवर्द्धनका लागि पनि बैंक तथा वित्तीय संस्थाको पुँजीको आधार सुदृढ हुनु पर्ने विचार ब्यक्त गर्दै चालू आ.व. को मौद्रिक नीतिमार्फत ल्याइएको पुँजी वृद्धिको निर्णय कार्यान्वयन सम्बन्धमा सबै सरोकारवालाहरुलाई सकरात्मक सोचका साथ अघि बढ्न आग्रह गर्नुभयो ।

जलस्रोतको धनी देश भएर पनि लोडसेडिङको कारण औद्योगिक क्षेत्रको विकासमा प्रतिकुल प्रभाव परेको उल्लेख गर्नुहुँदै उहाँले स्वदेशकै स्रोत र साधन उपयोग गरी उर्जाको विकास गर्नुपर्ने बताउनु भयो । सम्बोधनको अन्त्यमा उहाँले उद्योग वाणिज्य संघको साधारण सभाको सफलताको कामना समेत गर्नु भएको थियो ।

**२०७२ असोज ११ गते सोमबार**

**गभर्नरको कार्यालय**